आज मिति २०७६ साल पौष २५ गते सोमबारका दिन जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री शंकरहरि आचार्यको अध्यक्षतामा जिल्ला समन्वय समितिका प्रमुखको उपस्थितिमा जिल्ला स्थित स्थानीय तहहरूका प्रमुख/उपप्रमुख, सुरक्षा निकायका प्रमुखहरू, विभिन्न कार्यालयका प्रमुख, राजनैतिक दलका प्रमुख/प्रतिनिधिहरू, नागरिक समाज लगायतको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी देहाय बमोजिम छलफल गरी निर्णय गरियो।

विशेष उपस्थिति:

१. श्री मोहन बहादुर थापा मगर, प्रमुख, जिल्ला समन्वय समिति, गोरखा

उपस्थिति:

१. श्री शंकरहरि आचार्य, प्रमुख जिल्ला अधिकारी, गोरखा
२. श्री विपस चिंतन, नगर प्रमुख, पालुङटार नगरपालिका, गोरखा
३. श्री कृष्ण राना मगर, नगर प्रमुख, गोरखा नगरपालिका, गोरखा
४. प्र.उ. केदारखनाल जि.प्र.का. गोरखा
५. उप अ.नि. - कुमार खड्का - ह.अ.नि.का, गोरखा
६. डि.व.अ. अशोक कुमार श्रेष्ठ, डिभिजन वन कार्यालय, गोरखा
७. स.प्र.नि. उ सुजित क्षेत्री ... नेपाल नं २३ गुल्म गोरखा
८. का.मु. दिपेन्द्र परियार सामाजिक विकास कार्यालय
९. ... आचार्य शिक्षा विकास तथा समन्वय इकाई गोरखा
१०. जि.स.अ. नानी बाबु पोखरेल जि.स.स.को का गोरखा
११. ई. हरि बहादुर लामा सडक डिभिजन दमौली
१२. सीताराम श्रेष्ठ - अध्यक्ष गोरखा स.सं. महासंघ, गोरखा
१३. मोहनलाल श्रेष्ठ ... जि.श्रो. ...
१४. यदु विलास भट्टराई सभापति - ने.रे.सो. गोरखा
१५. ओम राज ... डिभिजन ... कार्यालय गोरखा
१६. नारायण बाबु ... गोरखा
१७. अमृता बढ्ली भिमसेनथापा गा.पा. उपाध्यक्ष
१८. ललिता अधिकारी गण्डकी गा.पा. उपाध्यक्ष
१९. ... लामिछाने - सहसचिव नेपाली कांग्रेस गोरखा।
२०. दिनेश प्र. ... - आयोजना प्रमुख, पालुङटार ... सिंचाइ आयोजना
२१. सुकदेव लामा उपाध्यक्ष नेपाल समाजवादी पार्टी गोरखा
२२. विदुर सुबेदी, इन्जिनियर श्री पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, गोरखा
२३. जगजित थापा ... गाउँपालिका ... कार्यालयको प्रशासन ...
२४. ... पालुङटार न.पा. ...
२५. कालीबाज रोका - नेकपा (एमाले) सचिव
२६. राजु गुरुङ अध्यक्ष ...
२७. मनकाजी श्रेष्ठ उ.वा.संघ गोरखा प्रतिनिधि

२८. Narahari  नरहरी लामिछाने, अध्यक्ष पत्रकार महासंघ गोरखा

२९. कुल बहादुर बस्नेत - अध्यक्ष - राप्रपा नेपाल गोरखा

महेन्द्र प्रसाद भण्डारी प्र. डी. नि. डी. वे. नि. का. गोरखा

शर्मिला कुमाल प. वि. अ. जे. अ. त. प. सं. वि. के. गोरखा

राम प्र. पोखरेल पा. त. पा. रिपट

शिवराम पौडेल - कार्यालय प्रमुख मालपोत कार्यालय, गोरखा

पशुपति दवाडी, प्रो. प्र., ११ किलो ईन्फेन्ट्री गुल्म बाजोड सडक, गोरखा

किरण पौडेल डि. प्र. स्थानीय तथा सं. सं. डि. ओ. गोरखा

नेत्रमणि न्यौपाने के. प्र. नै. वि. प्रा. गोरखा रिहाबिलिटेशन केन्द्र

सद्बुप्रसाद अधिकारी मानव अधिकार संजाल / (एच) आर नेपाल (गोरखा)

प्रकाश लम्साल, ज. लिं. नि. डि. का., गोरखा

नारायण बाबु आचार्य ने. क. पा (माले) सचिव गोरखा

कुलमान ~~कुवर~~ जनता समाजवादी पार्टि नेपाल अध्यक्ष

बाबुराम मगर शहिद लखन गा. पा. (प्र. प्र. अ.)

~~चित्र ब. अधिकारी~~ भिमसेनथापा गा. पा. (प्र. प्र. अ.)

~~ठाकुर प्रसाद लामिछाने राष्ट्रिय प्रजातन्त्र पार्टी प्रवक्ता गोरखा~~

~~धि~~ डिल बहादुर सेन्चुरी ने. क. पा माओवादी गो ने. पा गण्डकी प्रदेश सदस्य

यादव बस्नेत - ने क पा (एस) जि. अध्यक्ष -

चित्राङ्गत बराल, स० प्र० जि० अ०, जि० प्रशासन कार्यालय गोरखा

रमेश बाबु थापा मगर, अध्यक्ष - शहिद लखन गा. पा. होटल गोरखा

मिति २०७९/०९/२५ सोमवारका दिन जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवम प्रमुख जिल्ला अधिकारी श्री शंकरहरि आचार्यको अध्यक्षतामा जिल्ला समन्वय समितिका प्रमुखको उपस्थितिमा जिल्ला स्थित पालिका प्रमुख/उपप्रमुख, सुरक्षा निकायका प्रमुख, विभिन्न कार्यालयका कार्यालय प्रमुख, राजनैतिक दलका प्रमुख/प्रतिनिधिहरुको सहभागितामा भएको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकका निर्णयहरु:

१. विगत बैठकका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो।
२. जिल्ला प्रशासन कार्यालय गोरखाबाट तर्जुमा भई कार्यान्वयनमा ल्याइएको हिमपात प्रतिकार्य योजना २०७९ बैठकमा जानकारी भयो । हिउदको समयमा हुने चिसोबाट गरिव जनसमुदायलाई वचाउन कार्ययोजना सहित स्थानीय तहहरुले कार्यान्वयनमा ल्याएको कार्यक्रमलाई थप प्रभावकारी बनाउने ।
३. आगलागी एक मुख्य प्रकोपको रुपमा देखा परिरहेको छ । यसबाट वर्षेनी ठूलो संख्यामा जनधनको क्षति हुने गरेको छ। सुख्खा मौसममा आगलागी र वन डढेलोको प्रकोप धेरै हुन सक्ने हुँदा नियन्त्रणका लागि सचेतनाका कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएकाले वन डढेलो नियन्त्रणका लागि डिभिजन वन कार्यालयले आफ्नो अगुवाइमा सामुदायिक वन उपभोक्ता महासंघ र सामुदायिक वन उपभोक्ता समुहहरुसँग समन्वय गरी बन डढेलो रोकथाम तथा नियन्त्रणका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने । सो कार्यको लागि स्थानीय तहले आवश्यक सहयोग गर्ने ।
४. नयाँ भेरियन्ट सहितको कोभिड-१९ कोरना भाइरसको संक्रमण छिमेकी देश लगायत विश्वका अन्य देशमा देखिएको हुँदा नेपाल सहित यस जिल्ला पनि जोखिममा रहेको हुँदा पूर्व तयारीमा रहने, साथै जनचेतनाका कार्यक्रम सञ्चालन गर्ने ।
५. छिमेकी जिल्लाहरुमा वंगुरमा देखा परेको अफ्रिकन स्वाइन फिभरको संक्रमण दर अत्याधिक रुपमा देखिन आएको हुँदा उक्त रोगबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न जिल्ला स्थित भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले यसको प्रचार प्रसार र अन्य नियन्त्रणका प्रभावकारी कार्यक्रम सञ्चालन गरी व्यवसायीहरुलाइ सहजीकरण गर्ने ।
६. गत आ.व. को बर्षायामका समयमा गोरखा नगरपालिका वार्ड नं २ कोखेआहालेमा गएको पहिरोले यातायात संचालनमा अवरोध गरेको हुँदा आगामी बर्षातमा आवागमनमा अवरोध नहुने गरी व्यवस्था मिलाउन डिभिजन सडक कार्यालय, तनहुँलाइ लेखि पठाउने ।
७. जिल्ला प्रशासन कार्यालय गोरखाको मिति २०७९/०५/२४ को निर्णयले गठित अनुगमन तथा निरीक्षण समितिबाट पालुङटार नगरपालिका, भिमसेनथापा गाउँपालिका, आरुघाट गाउँपालिका र सिरानचोक गाउँपालिकामा निरीक्षण गर्दा उक्त समितिबाट सिफारिस भई आए बमोजिम तपसिल बमोजिमका ब्यक्तिहरुलाई मनसुनजन्य विपद् प्रभावित निजी आवास पुननिर्माण तथा पुनस्थापना अनुदान कार्यविधि, २०७७ बमोजिम लाभग्राही कायम गर्ने निर्णय गरियो।

**तपसिल**

| क्र. सं. | लाभग्राहीको नाम थर | ठेगाना | ना.प्र.नं. | निस्सा नं | अनुदान शीर्षक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कृष्ण बहादुर परियार | पा.न.पा. २ | २६२ | ५६२-७-३१ | पुननिर्माण | |
| २ | राम बहादुर नेपाली | पा.न.पा. १० | ४४३०२५/१३३ | ५५९-१-२३ | पुननिर्माण | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | अविनाश गुरुङ | पा.न.पा. ६ | ७८३९५ | ११०२-१-२ | पुनर्निर्माण | |
| ४ | विमल बहादुर थापा मगर | पा.न.पा. ९ | १४१५२२ | १०९४-१२-१ | पुनर्निर्माण | |
| ५ | ठाकुर गिरी | पा.न.पा. ४ | २ | १०९४-१२-५ | पुनर्निर्माण | |
| ६ | इश्वर बहादुर शाह | पा.न.पा. ४ | ४६०५ | १०६६-७-२१ | पुनर्निर्माण | |
| ७ | रमेश रोका | पा.न.पा. ४ | ४४१०२४/१३९३ | १०६२-१५-१ | पुनर्निर्माण | |

८. जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७८/०७/१६ को निर्णयले गोरखा जिल्ला पालुङटार नगरपालिका वडा नं. ६ निवासी निस्सा नं. १०६६-७-१ भएको लालीमाया गुरुङलाई मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनस्थापना अनुदान कार्यविधी, २०७७ बमोजिम पुनस्थापना शीर्षकमा लाभग्राही कायम गरेकोमा पालुङटार नगरपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०७९/०५/०७ गतेको निर्णयबाट निज लालीमाया गुरुङलाई पुनर्निर्माण शीर्षकमा लाभग्राही कायम गर्न सिफारिस भई आएकोले लालीमाया गुरुङ (निस्सा नं. १०६६-७-१) लाई पुनर्निर्माण शीर्षकमा लाभग्राही कायम गर्ने निर्णय गरियो।

९. पालुङटार नगरपालिका नगर कार्यपालिकाको कार्यालयको च. नं. ५३६ मिति २०७९/०९/०८ को पत्रबाट पालुङटार नगरपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम पालुङटार नगरपालिका वडा नं. ४ स्थित तल्लो जौवारी, लुइटेल, गहतेरी, न्यौपानेखोला दलितवस्ती एवम् वडा नं. ३ स्थित राउतेपानी र वडा नं. ६ स्थित वेतनी दलित वस्तीमा विगतका बर्षहरुमा बाढीबाट मानववस्ती तथा खेतीयोग्य जमिनमा क्षति भएको र उक्त स्थानहरुमा मानव वस्ती राख्न उपयुक्त हुने वा नहुने विषयमा भौगोलिक अध्ययन गर्न जिल्ला विपद् व्यवस्थापन समिति मार्फत राष्ट्रिय विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणमा अनुरोध गरि पठाउनका लागि सिफारिस भई आएकोले उक्त स्थानहरुको भौगोलिक अध्ययनका लागि राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणमा अनुरोध गर्ने निर्णय गरियो।

१०. पालुङटार नगरपालिका नगरकार्यपालिकाको कार्यालयको च. नं. ५३६ मिति २०७९/०९/०८ को पत्रबाट पालुङटार नगरपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम पालुङटार नगरपालिकाको साविक च्याङ्ली गा.वि.स. वडा नं. ७ र ९ हाल पा.न.पा. वडा नं. ७ मा रहेको कित्ता नं. ५२९,८६ र १२४२ को करिव २९७ रोपनी मध्ये १२० (एक सय बिस) रोपनी क्षेत्रफलको जग्गा नेपाल सरकारको नाममा दर्ता कायम रहेको, उक्त जग्गामा कृषि तथा वन विज्ञान विश्वविद्यालय चितवनको आङ्गिक क्याम्पस स्थापना गर्न उल्लेखित कित्ता नं. को जग्गा पा.न.पा. को विपद् व्यवस्थापन सम्वन्धि कुनै पनि कार्यमा प्रयोगमा नल्याउने र सामाजिक, आर्थिक, राजनैतिक, सास्कृतिक, पुरातत्विक पर्यावरण क्षेत्रमा समेत कुनै प्रतिकुल असर नपर्ने हुँदा उक्त जग्गा कृषि तथा वन विज्ञान क्याम्पस संचालन गर्ने कार्यका लागि जिल्ला विपद् व्यवस्थापन समिति गोरखा मार्फत सम्वन्धित निकायमा सिफारिस गरिदिनु भनी अनुरोध भई आएकोले नियमानुसार हुन गृह मन्त्रालयमा लेखी पठाउने।